वेदकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल
सम्पर्क: ०९९-४१३१२१,
०९९-४१३१२२

प सं:- २०८१/०८२
च.नं.

## चमेना गृह संचालनका लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२।०१।०४)

यस कार्यालयको परिसरमा चमेना गृह (क्यान्टिन) संचालन गर्नका लागि इच्छुक व्यक्ति, संस्था वा फर्महरूले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको दस्तुर तिरी क्यान्टिन संचालन सम्बन्धी प्रस्ताव फारम खरिद गरी तोकिए बमोजिमको विवरणहरु के कति दररेटमा उपलब्ध गर्न सकिन्छ ? सो को सिलबन्दी दरभाउ प्रस्तावका लागि यो सुचना प्रकाशित गरिएको छ।

### शर्तहरु

१. दरभाउपत्र रु.१०००/- राजश्व तिरी (पछि फिर्ता नहुने गरी) सूचना प्रकाशित भएको मितिले **१५औं** दिनसम्म कार्यालय समयमा यस वेदकोट नगरपालिकाको कार्यालय, सिसैया, कंचनपुरबाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र खरीदको लागि निवेदन साथ ब्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा संस्था वा फर्मको हकमा गत आ.व.को आयकर चूक्ता प्रमाणपत्र, फर्म इजाजत प्रमाण-पत्र नविकरण, स्थायी लेखा नम्बर संलग्न राखी पेश गर्नुपर्नेछ ।

३. दरभाउपत्र पेश गर्दा अंक र अक्षर दुवैमा प्रति ईकाइ दरले स्पेशिफिकेसन अनुसार दर प्रष्ट लेखेको हुनुपर्नेछ । दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०८२।०१।१९ गते कार्यालय समयभित्र, दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०८२।०१।२१ गते दिनको १२ वजेसम्म र दरभाउपत्र खोलिने मिति सोहि दिन दिनको २ वजे कायम गरिएको छ । दरभाउपत्रदाता उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्रको खाम बाहिर प्रस्तावकर्ताको नाम, ठेगाना र सम्पर्क नं. स्पष्टसंग उल्लेख गर्नु पर्ने छ।

५. चमेना गृह भवन प्रयोग गरे वापत मासिक भाडा रु. ४०००।- (चार हजार मात्र) हुनेछ । चमेना गृहका लागि आवश्यक पर्ने टेबुल, कुर्सी, भाडावर्तन, ग्याँस लगायतका सामाग्रीको व्यवस्था संचालक स्वयंले गर्नु पर्नेछ ।

६. चमेना गृह संचालनका लागि सम्झौताको अवधि ३ आर्थिक वर्ष (आ.व.२०८१।०८२, २०८२।०८३ र २०८३।०८४) को हुनेछ ।

७. दरभाउपत्रदाताले दर रेट उल्लेख गर्दा आफुले सेवा गर्ने परिकारको नाम, परिमाण, गुणस्तर र दररेट समेत अंक र अक्षरमा दुवैमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ ।

८. चमेना गृह भित्र धुम्रपान तथा मदिराजन्य बस्तुहरुको विक्री वितरण गर्न पाईने छैन । कार्यालयले तोकेको समयसम्म चमेना गृह संचालन गर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

# वेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क: ०९९-४१३१२१,
०९९-४१३१२२

प.सं:- २०८१/०८२
च.नं.

९. सरसफाईजन्य पानी कार्यालयले निशुल्क उपलब्ध गराउने छ र विद्युत महशुल तथा खानेपानी महशुल चमेना गृह संचालकले नै व्यहोर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत